# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, भदौ १६ गते, २०८२ साल (संख्या २८

## भाग ३

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १८

### स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (दोस्रो संशोधन) नियमावली, २०८२

स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम ३ मा संशोधन** : स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकाइ बिक्री मूल्य उल्लेख गरिएको मोहरबन्द प्याकेज स्टाण्डर्ड प्याकेज बाहेकको परिमाणमा बनाउन र बिक्री वितरण गर्न बाधा पर्ने छैन।"

३. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (झ) मा रहेका "अधिकतम खुद्रा बिक्री मूल्य" भन्ने शब्दहरु पछि "र स्टाण्डर्ड प्याकेज बाहेकको मोहरबन्द प्याकेजमा एकाइ बिक्री मूल्य" भन्ने शब्दहरु थपिएका छन्।

४. **मूल नियमावलीमा नियम १२क. थप** : मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"**१२क. एकाइ बिक्री मूल्य उल्लेख गर्ने तरिका** : मोहरबन्द प्याकेजको लेबलमा एकाइ बिक्री मूल्य (दशमलव पछि दुई स्थानमा राउन्ड अफ) लाई देहाय बमोजिम उल्लेख गर्नु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खुद तौल एक किलोग्राम भन्दा कम भएमा प्रति ग्रामको मूल्य र खुद तौल एक किलोग्राम भन्दा बढी भएमा प्रति किलोग्रामको मूल्य,

(ख) खुद लम्बाइ एक मिटर भन्दा कम भएमा प्रति सेन्टिमिटरको मूल्य र खुद लम्बाइ एक मिटर भन्दा बढी भएमा प्रति मिटरको मूल्य,

(ग) खुद आयतन एक लिटर भन्दा कम भएमा प्रति मिलिलिटरको मूल्य र खुद आयतन एक लिटर भन्दा बढी भएमा प्रति लिटरको मूल्य,

(घ) सङ्ख्यामा भएमा प्रति गोटाको मूल्य।

**५. मूल नियमावलीको नियम १८ मा संशोधन** : मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ :-

“**१८. नियमावली विपरीतको कार्य मानिने** : (१) कुनै उत्पादक, आयातकर्ता वा प्याकिङ्गकर्ताले देहायको कुनै कार्य गरेमा त्यस्तो कार्यलाई यस नियमावली विपरीतको कार्य मानिनेछ :-

(क) नियम १६ बमोजिम नमुनाको रुपमा लिइएका सबै मोहरबन्द प्याकेजमा रहेको वस्तुको औसत परिमाण मोहरबन्द



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्याकेज वा लेबलमा घोषणा गरेको खुद परिमाण भन्दा घटी भएमा,

(ख) नमुनाको रुपमा लिइएको मोहरबन्द प्याकेजमध्ये कुनै मोहरबन्द प्याकेजमा रहेको वस्तुको परिमाणको त्रुटि अनुसुची-५ मा मान्यता दिएको घटी वा बढीको हदको दोब्बर भन्दा बढी भएमा,

(ग) नमुनाको रुपमा लिइएको मोहरबन्द प्याकेजमा रहेको वस्तुको परिमाणको घटी वा बढीको हद मान्यता दिएको घटी वा बढीको हद भन्दा बढी भएका मोहरबन्द प्याकेजको सङ्ख्या अनुसुची-६ बमोजिम छुट दिइएको सङ्ख्या भन्दा बढी भएमा,

(घ) अनुसुची-१ बमोजिमको स्टाण्डर्ड प्याकेज नभएमा वा स्टाण्डर्ड प्याकेज बाहेकको मोहरबन्द प्याकेजमा एकाइ बिक्री मूल्य उल्लेख नभएमा,

(ङ) मोहरबन्द प्याकेजको लेबलमा यस नियमावली बमोजिम उल्लेख गर्नुपर्ने विवरण, नाप, तौल र सङ्ख्या सम्बन्धी घोषणा वा जानकारी उल्लेख नगरेमा।

(२) कुनै थोक बिक्रेता वा खुद्रा बिक्रेताले देहायको कुनै कार्य गरेमा त्यस्तो कार्यलाई यस नियमावली विपरीतको कार्य मानिनेछः-



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्याकेज भित्र रहेको वस्तु प्याकेज नखोली घटी वा बढी गरी बिक्री गरेमा,

(ख) थोक बिक्रेता वा खुद्रा बिक्रेताको परिसरमा अनुसुची-५ बमोजिमको घटी बढीको हदभन्दा बढी भएको मोहरबन्द प्याकेज भेटिएमा।

६. **<u>मूल नियमावलीको नियम १९ मा संशोधन</u>** : मूल नियमावलीको नियम १९ को उपनियम (१) मा रहेको "आयातकर्ता," भन्ने शब्द पछि "प्याकिङ्गकर्ता," भन्ने शब्द थपिएको छ।

७. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको,-

(क) अनुसूची-१ को शीर्षक खण्डमा रहेका "नियम १८ को" भन्ने शब्दहरुपछि "उपनियम (१) को" भन्ने शब्दहरु थपिएका छन्।

(ख) अनुसूची-५ को शीर्षक खण्डमा रहेका "नियम १८ को खण्ड (ख) र (छ)" भन्ने शब्दहरुको सट्टा "नियम १८ को उपनियम (१) को खण्ड (ख) र उपनियम (२) को खण्ड (ख)" भन्ने शब्दहरु राखिएका छन्।

(ग) अनुसूची-६ को शीर्षक खण्डमा रहेका "नियम १८ को खण्ड (ग)" भन्ने शब्दहरुको सट्टा "नियम १८ को उपनियम (१) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**कृष्ण बहादुर राउत**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।